कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## प्रेस विज्ञप्ति

खाद्य स्वच्छता र गुणस्तरको महत्वलाई सबै सरोकारवाला माझ पु-याउने उद्देश्यका साथ विभागले विगत १५ वर्ष देखि लगातार खाद्य स्वच्छता दिवस मनाउदै आएको छ। संयुक्त राष्ट्र संघको महासभाबाट सन् २०१८ डिसेम्बर २० मा पारित भए पश्चात हरेक वर्ष **जुन ७** मा **'विश्व खाद्य स्वच्छता दिवस' (World Food Safety Day)** विश्वभरी मनाउने गरिन्छ। यस वर्ष ७ जुन २०२३ मा मनाउन लागिएको विश्व खाद्य स्वच्छता दिवस को अन्तर्राष्ट्रिय नारा **'Food standards save lives'** रहेको छ । नेपालमा पनि **"खाद्य पदार्थमा मापदण्ड, जीवन रक्षाको आधारस्तम्भ"** भन्ने नाराका साथ सप्ताहव्यापीरुपमा (जेठ १८-२४, २०८०) यो दिवस मनाउन लागिएको छ ।

स्वच्छ खाद्य पदार्थ स्वस्थ मानव जीवनका लागि अपरिहार्य रहेको हुन्छ । आम उपभोक्ताको पहुँचमा रहेका सम्पूर्ण खाद्य पदार्थ स्वच्छ हुन सकेमा मात्र खाद्य तथा पोषण सुरक्षा हासिल गर्न सम्भव हुन्छ । खाद्य स्वच्छता कायम गर्न कानूनी आधार सहितको गुणस्तर मापदण्डको व्यवस्था हुनु जरुरी हुन्छ । खाद्य पदार्थमा गुणस्तर मापदण्ड कायम गरि स्वच्छ खाद्य पदार्थको उपलब्धताबाट नै मानव जीवनको रक्षा गर्न सकिने भएकोले गुणस्तर मापदण्ड जीवन रक्षाको आधारस्तम्भको रुपमा रहेको छ ।

खाद्य पदार्थमा मापदण्ड निर्धारण गरी सो को पालनाबाट मात्र स्वच्छ एवं गुणस्तरिय खाद्य पदार्थ उत्पादन तथा विकि वितरण गर्न सम्भव हुन्छ। यसबाट हाम्रो देशको उत्पादनलाई प्रतिस्पर्धी बनाई अन्तर्राष्ट्रिय बजारमा पहुँचको अवसर प्राप्त हुने हुँदा निर्यात प्रवर्द्धन गर्न समेत मद्दत पुर्याउछ । जसले राष्ट्रिय आय बृद्धि गरि देशको आर्थिक समृद्धिमा टेवा पुग्छ ।

खाद्य स्वच्छता एवं गुणस्तर कायम गर्न कृषि तथा पशपन्छी विकास मन्त्रालय अन्तर्गत रहेको खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले संघिय संरचनाको रुपमा रहि खाद्य ऐन २०२३ तथा दाना ऐन २०३३ कार्यान्वनको गहन जिम्मेवारी बहन गर्दै आएको छ । खाद्य स्वच्छता तथा मापदण्ड निर्धारणलाई नेपाल सरकारवाट उच्च प्राथमिकतामा राखिएको छ । विभागले विगत देखि नै आम उपभोक्ताको स्वास्थ्य तथा सुविधालाई प्रमुख लक्ष्यको रुपमा लिई खाद्य पदार्थहरुको मापदण्ड निर्धारण गर्ने र सोही मापदण्डहरुको आधारमा खाद्य पदार्थ उत्पादन गर्ने उद्योगहरु, आयात विन्दु र खाद्य बजार तथा विक्रिबितरण स्थलहरुमा निरन्तर रुपमा अनुगमन निरीक्षण गरि नियमन एवं कारवाहीका कार्यहरु गरिआएको छ । यसैगरी खाद्य पदार्थमा तोकिएका मापदण्डका आधारमा आयात विन्दुहरुमा नै आयात भई आउन सक्ने अस्वच्छ तथा न्युन गुणस्तरिय खाद्य पदार्थहरुको नियन्त्रण हुँदै आएको छ । यस वर्षको विश्व खाद्य स्वच्छता दिवसको नारा

"खाद्य पदार्थमा मापदण्ड, जीवन रक्षाको आधारस्तम्भ" ले पनि मानव जीवन रक्षाको लागि खाद्य पदार्थको मापदण्ड निर्धारण एवं यसको परिपालना मुख्य आधारको रुपमा रहेको तथ्यलाई उजागर गरेको छ ।

नेपाल सरकारबाट समय समयमा खाद्य तथा दाना पदार्थहरुको मापदण्ड पारित गरि राजपत्रमा प्रकाशन पश्चात कार्यान्वयनमा ल्याउने गरिन्छ । यसै आर्थिक वर्षमा फलफुल तरकारीमा जिवनाशक विषादी अवशेषको अधिकतम मात्रा, कुखुराको दाना पदार्थमा एन्टिवायोटिक प्रयोग निषेध एवं ढुसिजन्य विषको अधिकतम सिमा निर्धारण जस्ता उपभोक्ता स्वास्थ्य तथा जीवन रक्षाको लागी महत्वपुर्ण मापदण्डहरु राजपत्रमा प्रकाशन भई लागू गरेको छ । यसै गरि बालबालिका को लागी अन्नमा आधारित पुरक बालआहारको मापदण्ड पनि राजपत्रमा प्रकाशित भईसकेको छ । स्तर निर्धारण समितिबाट पारित भएको भिटामिन तथा खनिज पदार्थ थप गरि स्तरोन्नति गरिएको चामल र रोल्ड ओट्सको मापदण्ड राजपत्रमा प्रकाशनको प्रकृयामा रहेको छ ।

खाद्य श्रृंखलाका विभिन्न चरणमा खाद्य पदार्थको स्वच्छता र गुणस्तर कायम राख्न तोकिएका खाद्य मापदण्डको परिपालनामा विभिन्न सरोकारवालाहरुको महत्वपूर्ण भूमिका हुने र आ-आफ्नो क्षेत्रबाट उपयुक्त रुपमा सम्बोधन गर्न सम्वन्धित सरकारी एवं गैर सरकारी संघसस्थाहरु, खाद्य उद्योगहरु, खाद्य तथा पोषणसंग सम्वन्धित संघसस्थाहरु, उपभोक्ता हकहितसंग सम्वन्धित संघ सस्थाहरुका साथै जनचेतनाका संवाहक पत्रकारहरु समेत सम्पूर्ण सरोकारवालाहरुको सहकार्यका लागि आह्वान गर्दै यस वर्षको विश्व खाद्य स्वच्छता दिवस मनाउन लागिएको छ ।

यस विश्व खाद्य स्वच्छता दिवसको अवसरमा २०८० जेठ १८ देखि २४ (१–७ जुन २०२३) सम्म सप्ताहव्यापी रुपमा खाद्य स्वच्छता सम्वन्धि निम्न कार्यक्रमहरु सन्चालन गरि भव्यताका साथ मनाउन गइरहेका छौं ।

- सप्ताह व्यापि रुपमा मनाउँदै गरेको विश्व खाद्य स्वच्छता दिवस २०२३ को पहिलो दिन २०८० जेठ १८ (1 June 2023) गते विश्व खाद्य स्वच्छता दिवसको नारा र सन्देश सहितको व्यानर विभाग तथा मातहतका कार्यालयहरुको प्राङ्गणमा राखे एवं विभागको वेभसाइटमा अपलोडगर्ने ।
- सप्ताहव्यापि रुपमा विभाग र मातहतका कार्यालयहरुबाट दुग्ध पदार्थ, प्रशोधित पिउने पानी, मासुजन्य पदार्थ, तरकारी फलफूल, होटल रेष्टुरेण्ट विशेष अनुगमन निरिक्षण कार्यक्रम सन्चालन गर्ने ।
- विश्व खाद्य स्वच्छता दिवसको नारा तथा खाद्य स्वच्छता सम्वन्धी सूचना सन्देश, प्रचारप्रसार, पोष्टर वितरण गरि प्रचार प्रसार गर्ने ।
- खाद्य स्वच्छतासंग सम्वन्धित सरोकारवाला निकायहरुसंग खाद्य स्वच्छता र मापदण्डका विषयमा अन्तरक्रिया कार्यक्रम सन्चालन गर्ने ।
- खाद्य स्वच्छता, कोडेक्स तथा प्रतिजैविक प्रतिरोध सम्वन्धित विषयक खाद्य प्राविधिक तथा पशु चिकित्सा सम्वन्धि कलेजहरुमा सचेतना अन्तरक्रिया कार्यक्रम सन्चालन गर्ने ।
- विश्व खाद्य स्वच्छता दिवस, २०८० जेठ २४ (७ जुन २०२३) को अवसरमा सम्माननीय प्रधानमन्त्रीज्यू, माननीय मन्त्रीज्यू, श्रीमान् सचिवज्यू तथा महानिर्देशकज्यूको शुभकामना सन्देश प्रकाशन गर्ने ।

- खाद्य स्वच्छतासंग सम्वन्धित सरोकारवालाहरुः सरकारी निकाय, गैर सरकारी संघसस्था, शिक्षण संघसस्था, एवं उपभोक्ता हकहितसंग सम्वन्धित संघसस्थाहरु लगायतको सहभागितामा विश्व खाद्य स्वच्छता दिवस, ७ जुन २०२३ का दिन बिहान प्रभातफेरि कार्यक्रम र मूल समारोह कार्यक्रम सन्चालन गर्ने ।

यसरी विश्व खाद्य स्वच्छता दिवस, २०२३ मनाउने सिलसिलामा खाद्य स्वच्छता सम्वन्धी जानकारी तथा यसको महत्वबारे आम जनमानसलाई सुसूचित गर्न एवं खाद्य उद्यमी व्यवसायी लगायतका सरोकारवालाहरुले अपनाउनु पर्ने स्वच्छता र गुणस्तरसंग सम्वन्धित विषयहरुका सन्देश पुर्याउन पत्रकार मित्रहरुको महत्वपूर्ण भूमिका रहने भएकोले यहाँहरु सबैको सकृय सहयोग र सहभागीताको अपेक्षा गर्दै सम्पूर्ण पत्रकार मित्रहरु प्रति धन्यवाद ज्ञापन एवं कार्यक्रममा सहभागिताको लागि हार्दिक आमन्त्रण गर्दछौं ।

**मोहन कृष्ण महर्जन**

प्रवक्ता

२०८०/०२/१८